मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा -२०८०**

तह: वी.एड./चौथो सेमेस्टर — पूर्णाङ्क : ६०

समय : ३ घण्टा — उत्तीर्णाङ्क : ३०

**विषय : नेपाली कविता, गीत र गजल (नेपा. ४४५/३४५)**

---

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।*

## समूह 'ख' — ६×५= ३०

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।**

१. कविताको सैद्धान्तिक परिचय र परिभाषा दिनुहोस् ।

२. 'वसन्त कोकिल' कविताको मूलभाव प्रस्तुत गर्नुहोस् ।

३. 'फर्सीको जरा' कवितामा प्रस्तुत गरिएको विसङ्गतिवादी अस्तित्ववादी चिन्तनलाई पुष्टि गर्नुहोस् ।

**अथवा**

कवि भूपि शेरचनका कवितात्मक प्रवृत्तिहरूको वर्णन गर्नुहोस् ।

४. महाकवि लक्ष्मीप्रसाद देवकोटाको परिचय र प्रवृत्तिहरू लेख्नुहोस् ?

५. 'आंखा छोपी नरोऊ भनी ' गीतको मूलभाव प्रस्तुत गर्दै शिल्प संरचनाको समीक्षा गर्नुहोस् ।

६. 'गरिवको खुन वरै ' गजलमा गरिवहरूको कस्तो अवस्थाको चित्रण गरिएको छ ? प्रस्ट्याउनुहोस् ।

**अथवा**

सप्रसङ्ग व्याख्या गर्नुहोस् ।

एटमको त्रासले चुसेको
समस्याको भूतले सताएको
यो जिन्दगी खै के जिन्दगी

## समूह 'ग' — २×१०=२०

**तलका प्रश्नको लामो उत्तर दिनुहोस् ।**

७. आधुनिक नेपाली कविताको विकासक्रममा देखा परेका चरणहरू र तिनका प्रवृत्तिहरू उल्लेख गर्नुहोस् ।

८. गीतकार माधवप्रसाद घिमिरेका प्रवृत्तिको चर्चा गर्दै 'जय जय हे नेपाल' गीतको समीक्षात्मक विश्लेषण गर्नुहोस् ।

**अथवा**

गजलको सैद्धान्तिक परिचय दिई यसका तत्वहरूलाई उदाहरण सहित प्रष्ट पार्नुहोस् ।

**समाप्त**

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा -२०८०**

तहः बी.एड./चौथो सेमेस्टर

**विषय :** नेपाली कविता, गीत र गजल (नेपा. ४४५/३४५)

---

**रोल नं.** .....................

**समूह 'क'** १×१०=१०

**सर्वोपयुक्त उत्तरमा रेजा (√) चिन्ह लगाउनुहोस् ।**

१. 'रमणीय अर्थ प्रतिपादन गर्ने शब्द नै काव्य हो' भनी गीतलाई परिभाषित गर्ने विद्वान को हुन् ?
(क) दण्डी (ख) विश्वनाथ
(ग) जगन्नाथ (घ) मम्मट

२. आधुनिक नेपाली कविताको प्रयोगवादी धारा कहिलेदेखि सुरु भएको हो ?
(क) वि.सं. २०१५ (ख) वि.सं.२०१७
(ग) वि.सं. २०१८ (घ) वि.सं. २०१३

३. 'फर्सीको जरा' कवितामा 'लाटीले घुमाएको जाँतो' के को प्रतीकका रूपमा आएको छ ?
(क) निरिह जनता (ख) सुसञ्चालित शासन व्यवस्था
(ग) अव्यवस्थित शासन व्यवस्था (घ) कानुनी शासन

४. 'वसन्त कोकिल' कवितामा प्रयुक्त दृष्टिविन्दु कुन हो ?
(क) प्रथम पुरुष (ख) द्वितीय पुरुष
(ग) तृतीय पुरुष (घ) आन्तरिक

५. कवि सिद्धिचरण श्रेष्ठको मूल प्रवृत्ति कुन हो ?
(क) विपयगत विविधता (ख) राष्ट्रियता
(ग) स्वच्छन्दतावादी-परिष्कारवादी (घ) स्वच्छन्दतावादी-प्रगतिवादी

६. 'यो जिन्दगी खै के जिन्दगी' कवितामा मानिसको जीवनको कस्तो पक्षको चित्रण गरिएको छ ?
(क) निस्सारता (ख) सार्थकता
(ग) सुन्दरता (घ) सघनता

७. 'गरिबको धुनै वरै' गजलमा कुन कुरा दर्शाउन खोजिएको छ ?
(क) श्रमको मूल्य पाउनु (ख) गरिबको पसिनाको मूल्य नहुनु
(ग) गरिब सधैं गरिब हुनु (घ) गरिबले सधैं कर्म गर्नु

८. 'नेपाली गीतको आधुनिक कालको तेस्रो चरण कहिले देखि सुरुवात भएको पाइन्छ ?
(क) वि.सं.१९९१ (ख) वि.सं.२०१६
(ग) वि.सं.२०१७ (घ) वि.सं.२०३६

९. गीतमा पटक पटक दोहोरिएर आउने पङ्क्तिलाई के भनिन्छ ?
(क) अन्तरा (ख) भाव
(ग) स्थायी (घ) विषयवस्तु

१०. 'गजलको' अनिवार्य तत्व कुन हो ?
(क) रदिफ (ख) काफिया
(ग) तखल्लुस (घ) मकता